संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

प्रेस विज्ञप्ति - २०६७ असार ३२

---

## उच्चायुक्तको कार्यालय-नेपालका प्रमुखद्वारा वकिल तथा अन्य मानवअधिकार रक्षकहरूको मानवअधिकारको सम्मान गर्न माओवादीलाई आग्रह

असार ३२, काठमाडौं,

संयुक्त राष्ट्रसङ्घीठय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालका प्रमुख रिचर्ड बेनेटले एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) (एनेकपा (माओवादी))का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)लाई शुक्रबार भेटी वकिलहरू र मानवअधिकार रक्षकहरूको व्यावसायिक स्वतन्त्रताको सम्मानको महत्त्वमाथि जोड दिनुभयो। केही वकिलहरू र मानवअधिकार रक्षकहरू आफूले गरेको कामका लागि प्रत्यक्षतः वा अप्रत्यक्ष रूपबाट माओवादीहरूद्वारा आलोचना गरिएका छन् भन्ने हालैको समाचारबाट उच्चायुक्तको कार्यालय-नेपाल अत्यन्त चिन्तित रहेको कुरा उहाँले प्रचण्डलाई बताउनुभयो। कुनै व्यक्ति वा दलले आफ्नो असहमति जनाउन पाउने भए पनि नेपालमा मानवअधिकार वा अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घनका पीडितहरूलाई न्यायिक उपचार वा न्याय प्रदान गर्न काम गर्ने व्यक्तिहरूविरुद्ध धम्की ठानिने गरी त्यो कुरा अभिव्यक्त हुनुहुँदैन। वकिलहरू र मानवअधिकार रक्षकहरूले कुनै डर र अवरोधबिना तथा कानुनको शासनको सम्मान हुन्छ भन्ने आत्मविश्वासका साथ आफ्नो व्यावसायिक कार्य गर्न सक्ने हुनुपर्ने महत्त्वमाथि उच्चायुक्तको कार्यालय जोड दिन्छ।

रिचर्ड बेनेटले माओवादीले विस्तृत शान्ति सम्झौतामा गरिएका प्रतिबद्धताको सम्मान गर्नुपर्ने, नेपालको न्याय प्रणालीलाई पूर्णतया सहयोग गर्नुपर्ने तथा रामहरि श्रेष्ठ, वीरेन्द्र साह, माडी बस बमकाण्ड तथा अर्जुन लामाका घटनाहरूमा आफ्ना सदस्यहरूको संरक्षण गर्न नहुनेतर्फ उच्चायुक्तको कार्यालयको बलियो सन्देश दोहर्याघउनुभयो।

“नेकपा (माओवादी)ले व्यावहारिक ढङ्गबाट कानुनी शासनको सम्मान गरेर देखाउनुपर्छ र दुर्व्यवहारका लागि जिम्मेवारहरूलाई न्यायको घेराभित्र ल्याई दण्डहीनता अन्त्य गर्ने आफ्नो प्रतिबद्धता पूरा गर्नुपर्छ", पुष्पकमल दाहालसँगको भेटपछि रिचर्ड बेनेटले भन्नुभयो।

**For further information contact Chun B. Gurung, tel: 4280164,
Ext 320; 98510 16937 (mobile), cgurung@ohchr.org
Website: http://nepal.ohchr.org**